आज मिति २०८३ साल जेष्ठ ७ गते बिहिबारको दिन आमचोक गाउँपालिकाका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षता तथा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री जनक बस्नेत | |

२०८३/०२/०६
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

८३/२/६
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. इलाका प्रशासन कार्यालय माग गर्ने सम्वन्धमा।

२. नपुग बजेट माग गर्ने सम्बन्धमा।

३. छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा।

४. भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत छात्र/छात्रा हरुको शुल्क भुक्तानीका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा।

५. गाँउ शिक्षा समितिको बैठकको सिफारिस सम्बन्धमा।

६. खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने सम्वन्धमा।

७. गरिबी बर्गिकरणको परिचयपत्र छपाई गर्ने सम्बन्धमा।

८. स्थानीय बिदा सम्बन्धमा।

९. विविध

**निर्णय**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल हुँदा यस गाउँपालिका भोजपुर जिल्लाको दक्षिणी भूभागमा अवस्थित रहेको छ। यस पालिकाबाट सदरमुकाम पुगेर नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतका सेवा लिन कच्ची बाटो भएको र बाह्रै महिना सञ्चालन समेत हुन समस्या भएको कारण यहाँका नागरिकले सास्ती खेप्नुका साथै ठूलो आर्थिक भार समेत पर्न गएको छ। अतः यस गाउँपालिकाको वडा नं ६ स्थित बयाङमा इलाका प्रशासन कार्यालय स्थापना भई सञ्चालन गर्दा भोजपुर जिल्लाको दक्षिण भू-भागमा अवस्थित आमचोक गाउँपालिका, हतुवागढी गाउँपालिका र रामप्रसाद राई गाउँपालिकाकाको केन्द्रविन्दुमा हुने भई उल्लिखित पालिकाका दुर्गम क्षेत्रका नागरिकहरु प्रत्यक्ष लाभान्वित हुने र सुरक्षाका दृष्टिले समेत उक्त स्थानमा हाल इलाका प्रहरी कार्यालय (क थाना) समेत रहेको हुँदा इलाका प्रशासन कार्यालय स्थापना गरी सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालय, भोजपुर मार्फत गृह मन्त्रालयमा माग गर्ने।

**निर्णय नं.२**

यस आमचोक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको तलब, महंगी भत्ता तथा पोशाक भत्ता लगायतका अनिवार्य दायित्व तर्फ चालु आर्थिक वर्ष २०८२/०८३ मा रु. २,१५,००,०००।०० विनियोजन भएको उक्त रकम खर्च भईसकेको र अनिवार्य दायित्व तर्फ वैशाख, जेष्ठ र असार महिनाको लागि अनुमानित रु. ८०,००,०००।०० (अक्षरेपी असी लाख मात्र) रकम आवश्यक पर्ने भएको हुँदा सोही बराबर थप बजेट निकासाका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौंमा माग गरी पठाउने।

२०८३।०२।०६

प्रमुख प्रशासकीय अधिकृत

८३।२।६

अशोक राई
अध्यक्ष

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल हुँदा प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद् (CTEVT) को आंगिक शिक्षालय तथा CTEVT का आंगिक क्याम्पस, सरकारी कलेज तथा विश्वविद्यालयमा तपसिल बमोजिमका विषयमा अध्ययन गर्न ईच्छुक यस गाउँपालिका भित्र रहेका जेहेन्दार छात्र तथा छात्राहरुलाई छात्रवृतिका लागि सात (७) दिने सूचना प्रकाशन गर्ने।

तपसिल

- सिभिल इन्जिनियर तर्फ- ३ जना
- कृषि (बाली विज्ञान) तर्फ- ३ जना
- कृषि (पशु विज्ञान) तर्फ- ३ जना
- विज्ञान संकाय तर्फ - ३ जना
- स्वास्थ्य सेवा अन्तर्गत हे.अ. २ र अ.हे.व २ समेत जम्मा ४ जना

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा आमचोक गाँउपालिकाको वार्षिक नीति कार्यक्रम र विनियोजित बजेट समेतका आधारमा यस गाँउपालिकामा स्थायी ठेगाना भई भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत छात्र छात्राहरुलाई क्याम्पसको शुल्क शोधभर्नाका लागि सम्बन्धित क्याम्पसबाट उक्त क्याम्पसमा अध्ययनरत रहेको सिफारिस, क्याम्पसबाट जारी भएको भर्ना शुल्क, वार्षिक शुल्क तिरेको रसिदको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित रकम शोधभर्नाका लागि आवेदन माग गरी १० दिनको सूचना प्रकाशन गर्ने।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल हुँदा गाँउ शिक्षा समितिको मिति २०८३/०२/०१ को निर्णयानुसार तपसिलका विषयमा सिफारिस भई आएको हुँदा सोलाई अनुमोदन गर्दै देहायको निर्णय गरियो।

क) यस गाउँपालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालय व्यवस्थापन समितिको माग, विद्यालयको आवश्यकताको आधारमा तपसिल बमोजिमका शिक्षकहरुलाई आमचोक गाँउपालिकाको शिक्षा ऐन, २०८० को दफा ३१ मा भएको व्यवस्थाका आधारमा देहायबमोजिम काज सरुवा गर्ने ।

| क्र.सं. | शिक्षकको नाम,थर | कार्यरत विद्यालय | काज सरुवा हुने विद्यालय |
|---|---|---|---|
| १ | लक्ष्मण श्रेष्ठ | भगवती आ.वि. (१-८) आमचोक-९, माक्राखानी | जनता आ.वि.(०-८) आमचोक-१०, धारापानी |
| २ | मिना कुमारी चौधरी | जनता आ.वि. (०-८) आमचोक-१०, धारापानी | भगवती आ.वि. (१-८) आमचोक-९, माक्राखानी |
| ३ | फूल प्रसाद यादव | जनजागृती आ.वि. (०-८) आमचोक-८, जरेकल | सरस्वती मा.वि. (१-१२) आमचोक-९, रुप्से |
| ४ | तेज बहादुर श्रेष्ठ | सरस्वती मा.वि. (१-१२) आमचोक-९, रुप्से | जनजागृती आ.वि. (०-८) आमचोक-८, जरेकल |
| ५ | मनिषा खड्का | शिक्षाज्योती आ.वि. (०-५) आमचोक-७, हर्दिला | शिव आ.वि. (०-५) आमचोक-१०,रोल्ला |
| ६ | संगिता राई | शिव आ.वि. (०-५) आमचोक-१०,रोल्ला | पञ्चकन्या आ.वि. (१-३), आमचोक सागुरी |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

अशोक राई अध्यक्ष

ख) शैक्षिक वर्ष २०८२ सालको SEE परीक्षामा यस गाउँपालिका अन्तर्गतका तपसिलका विद्यालयहरुबाट उत्कृष्ट GPA प्राप्त गर्ने देहायका छात्र तथा छात्राहरुलाई उत्कृष्ट विद्यार्थी विद्यालय प्रोत्साहन कार्यक्रम बजेट शिर्षकबाट जनही रु २५०००।०० का दरले नगद पुरस्कार प्रदान गर्ने।

| क्र.सं. | विद्यार्थीको नाम,थर | प्राप्त GPA | अध्ययनरत विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | प्रज्वल भण्डारी | ३.४१ | शिक्षा क्षमाकन्या मा.वि.(१-१२), आमचोक ६ बयाङ | छात्र तर्फ |
| २ | अनिषा श्रेष्ठ | ३.१७ | सरस्वती मा.वि. (१-१२) आमचोक-९, रुप्से | छात्रा तर्फ |

ग) उत्कृष्ट विद्यार्थी विद्यालय प्रोत्साहन कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०८२ मा विद्यालयको समग्र पक्षको अवलोकनका आधारमा यस गाँउपालिका अन्तर्गत वडा नं. २ स्थित श्री सरस्वती मा.वि.(०-१०) यूँ लाई उत्कृष्ट विद्यालय छनौट गरी नगद रु. ५००००।०० विद्यालयलाई पुरस्कार प्रदान गरी विद्यालय तथा प्रधानाध्यापकलाई प्रमाण पत्र प्रदान गर्ने।

निर्णय नं. ६

विगतमा यस गाँउपालिकामा स्थायी बसोबास भई भलिबल खेलमा गाउँपालिकालाई स्तरवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेका साथै हाल प्रदेश तथा राष्ट्रिय स्तरमा समेत छनौट भई भलिबल तर्फ खेलकुदको क्षेत्रमा क्रियाशिल तपसिल बमोजिमका खेलाडीहरुलाई देहायबमोजिमको नगद पुरस्कार सहित सम्मान गर्ने निर्णय गरियो।

| क्र.सं. | खेलाडीको नाम,थर | ठेगाना | पुरस्कार राशी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तोष राई | आमचोक-१ | ४०,०००।०० | राष्ट्रिय खेलाडी |
| २ | रोमन बस्नेत | आमचोक-३ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी |
| ३ | सन्देश विष्ट | आमचोक-२ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी |
| ४ | आरुषा तामाङ | आमचोक-९ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी |
| ५ | रुमा श्रेष्ठ | आमचोक-९ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी |
| ६ | दिनेश राई | आमचोक-७ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी/प्रशिक्षक |
| ७ | रोशिका बराइली | आमचोक ९ | १५०००।०० | प्रदेशस्तरीय खेलाडी |

निर्णय नं. ७

यस गाँउपालिकाबाट क, ख, ग र घ गरी चार प्रकारका विपन्न घर परिवार पहिचान गरी वर्गिकरण समेत गरिसकिएको हुँदा वर्गीकरणको आधारमा गरिब घर परिवार पहिचानमा सहजताका लागि क्रमशः सेतो, पहेलो, निलो र रातो परिचयपत्र छपाई गरी वितरण गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८/२/११
अशोक राई
अध्यक्ष

**निर्णय नं. ८**

छौंखा साकेन्वा पर्वको अवसरमा यस गाउँपालिका अन्तर्गत रहेका सबै सरकारी कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा मिति २०८३/०२/१८ गते स्थानीय विदा दिने निर्णय गरियो।

**विविध निर्णय**

क) यस गाउँपालिकाको पदपूर्ती समितिको निर्णयबमोजिम करार सेवामा स्काइभेटर अपरेटर, श्रेणीविहिन, आधारभूत तह प्रथम स्तरमा नियुक्तिका लागि कमल मगर सिफारिस भएकोमा निजलाई आधारभूत तह प्रथमस्तरको तलब स्केल बराबरको रकम प्रदान गर्ने साथै हाल यस गाउँपालिकामा व्याकहोय लोडर चालकलाई प्रतिघण्टा २०० का दरले फिल्ड प्रदान गरिरहेको हुँदा स्काइभेटर चालकलाई समेत प्रतिघण्टा रु.२५० का दरले फिल्ड भत्ता स्वरुप थप रकम उपलब्ध गराउने ।

ख) उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा दक्ष जनशक्तिको अभाव, निर्माण सामग्रीको उपलब्धता लगायतको कारण म्याद थप गर्न अनुरोध भई आइरहेको सन्दर्भमा उपभोक्ता समितिको अनुरोध एवं वडा कार्यालयको सिफारिस बमोजिम अन्तिम पटक जेठ २५ गतेसम्मका लागि म्याद थप गर्ने।

ग) यस गाउँ कार्यपालिकाको मिति २०८२/१२/१९ गते बसेको १२ औं कार्यपालिकाको बैठकमा आमचोक गाँउपालिका वडा नं. ७ स्थित टंक राईको ढुङ्गा माटोको गाह्रो र टिनको छानो भएको २ तल्ले घरको छानो उडाइ पूर्ण रुपमा क्षति पुगेको हुनुपर्नेमा आंशिक क्षति भएको भनी उल्लेख भई रु.१००००।०० सहयोग भुक्तानी गरिएको तर पूर्ण क्षतिलाई रु.२५०००।०० दिने निर्णय भएको हुँदा बाँकी रहेको रु.१५०००।०० भुक्तानी दिने निर्णय गरियो।

घ) श्री शिक्षा ज्योति आ.वि. आमचोक-३ ले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गत मिति २०८२/१२/२४ गतेको हावाहुरीको कारण विद्यालयको छाना तथा शौचालयमा क्षति भई प्राविधिकको लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी अन्तिम मूल्यांकन सहित बिल भरपाई संलग्न राखी रु.२९३७८।०० निकासाका लागि माग भई आएको हुँदा संलग्न बील, तथा प्राविधिक प्रतिवेदन बमोजिम उक्त रकम विद्यालयको खातामा निकासा गर्ने निर्णय गरियो।

ङ) नवप्रवर्द्धन साझेदारी कोष अन्तर्गत सञ्चालित किवी पकेट कार्यक्रममा आवद्ध हुनका लागि कृषक समूह तथा सहकारीबाट माग भइरहेको र कार्यक्रमलाई समेत थप बिस्तार गर्नुपर्ने भएको हुँदा कृषक समूहका साथै कृषि सहकारी समेतलाई आवद्ध गर्ने गरी ७ दिनको सूचना प्रकाशन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

८३/२/१६
अशोक राई
अध्यक्ष